आज मिति २०७६ साल चैत्र २२ गते अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा सत्यवती गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपशील बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावउपर छलफल गरियो।

<u>उपस्थिति</u>

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री पारिश्वर ढकाल | |
| उपाध्यक्ष | श्री सुवर्ण शेरचन शाही | |
| सदस्य | श्री भीमलाल पाण्डेय | |
| सदस्य | श्री दधिराम कुँवर क्षेत्री | दधिराम |
| सदस्य | श्री रुकबहादुर राना मगर | |
| सदस्य | श्री दानबहादुर राना | |
| सदस्य | श्री ओमप्रकाश भण्डारी | |
| सदस्य | श्री विष्णुप्रसाद भण्डारी | |
| सदस्य | श्री लोक बहादुर बुढाथोकी | |
| सदस्य | श्री सन्तकुमार थापा | |
| सदस्य | श्री मनमाया थापा | |
| सदस्य | श्री नरमाया थापा | |
| सदस्य | श्री मिना दमाई | |
| सदस्य | श्री तेजकुमारी थापा | |
| सदस्य | श्री होमबहादुर भुजेल | |
| सदस्य | श्री हरिप्रसाद बि.क. | |
| सचीव | श्री यादव भण्डारी | |
| आमन्त्रित जि.स. | सूर्य ब. राना | |
| | | |

**बैठक संख्याः१९/२०७६-७७** **मितिः २०७६/१२/२२**

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ःलकडाउनलाई कडाइका साथ कार्यान्वयन गर्ने/ गराउने।

प्रस्ताव नं.२ः मदिरा र मदिराजन्य पदार्थको ओसारपसार, बेचबिखनर सेवनमा प्रतिवन्ध लगाउने।

प्रस्ताव नं.३ः खाद्य भण्डार स्थापना गर्ने सम्बन्धमा।

प्रस्ताव नं.४ः राहत सहयोगका लागि सार्वजनिक अपील गर्ने सम्बन्धमा।

प्रस्ताव नं.५ः आवश्यक कर्मचारीलाई कार्यालयमा उपस्थित गराउने सम्बन्धमा।

प्रस्ताव नं.६ः PPE, Gloves लगायतका सामग्रीहरु थप खरिद गर्ने सम्बन्धमा।

प्रस्ताव नं.७ः प्रोत्साहन भत्ता, सञ्चार सुविधा एवम् क्षतिपुर्ति सम्बन्धमा।

प्रस्ताव नं.८ः दीर्घ रोगीले सेवन गर्ने औषधीको विवरण संकलन गर्ने सम्बन्धमा।

प्रस्ताव नं.९ः CCMC गठन गर्ने सम्बन्धमा।

प्रस्ताव नं.१०ः राहत खाद्य पदार्थ एवम् सामाग्री आपुर्ति सम्बन्धमा।

प्रस्ताव नं.११ः सुरक्षा चेक जाँच एवम् हेल्प डेस्क राख्ने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१**ः सत्यवती गाउँपालिका भर कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि जारी लकडाउनलाई झनै कडाइका साथ कार्यान्वयन गर्ने/ गराउने।साथै त्यसका लागि प्रत्येक वडा समितिले आवश्यकता अनुसार जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, टोलसुधार समितिका संयोजक, समाजसेवी आदि मध्येलाई टोल अनुसारको जिम्मा दिई प्रत्येक टोल अनुसार लकडाउनको पालना, क्वारेन्टाइनको व्यवस्थापन र उपयोग, अनुगमन आदि कार्यलाई कडाइका साथ लागु गर्ने।

**निर्णय नं.**२ः जारी लकडाउनको समयमा समेत कहीं कतै मदिराजन्य पदार्थको बिक्री, वितरण गर्ने, मादक पदार्थको सेवन गरी हो-हल्ला गरी हिँड्ने गरेको भन्ने सुनिएकाले उक्त कार्यले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिम बढ्ने भएकाले उक्त कार्यलाई कडाइका साथ रोक्ने। त्यसका लागि कसैले मदिराजन्य पदार्थको ओसारपसार, बेचबिखन गरेको पाइएमा तत्काल ५०००/-( पाँच हजार) र सेवन गर्ने मानिसलाई रु .५००/- जरिवाना गर्ने। साथै मदिराजन्य

पदार्थको सेवन गरी हो-हल्ला गरी हिंड्ने मानिसलाई खाद्य राहत सामाग्री एवम् अन्य सुविधा उपलब्ध नगराउने।

**निर्णय नं.३**ः जारी लकडाउन लम्बिँदै जाँदा खाद्य पदार्थको अभाव समेत हुन सक्ने भएकाले इच्छुक दाताहरुबाट खाद्य पदार्थ संकलन गरी प्रत्येक वडा कार्यालयमा खाद्य बैंक स्थापना गरी उपलब्ध हुने जुनसुकै प्रकारको खाद्य पदार्थलाई सुरक्षित किसिमले भण्डारण गरी राख्ने। त्यसरी भण्डारण गरिएको खाद्य पदार्थलाई मापदण्ड तयार गरेर गाउँपालिकाभरि एकिकृत मापदण्ड अनुसार आवश्यकता भएका व्यक्तिलाई वितरण गरिने।

**निर्णय नं.४**ःगाउँपालिकाले कोरोना रोकथाम, तथा नियन्त्रणका लागि आवश्यक व्यवस्थापकीय खर्च विपद व्यवस्थापन कोषबाट गर्ने, आवश्यकता भएमा उपयुक्त समयमा बजेट रकमान्तर गरी कोषमा रकम जम्मा गर्ने तथा कोरोना रोकथाम, नियन्त्रणका लागि आर्थिक सहयोग गर्न इच्छुक दाताहरुबाट विपद व्यवस्थापन कोषमा रकम संकलन गर्ने।

**निर्णय नं.५**ः जारी लकडाउनलाई सफल पार्न कार्यालयका अत्यावश्यक बाहेकका कार्य स्थगित गरी अधिकांश कर्मचारीलाई बिदा दिइएकोमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि आवश्यक भएकाले गाउँपालिकाका शाखा प्रमुखहरु एवम् वडा कार्यालयका वडा सचिवहरुलाई कार्यालयमा हाजिर हुन निर्देशन दिने।

**निर्णय नं.६**ःप्राथमिक स्वास्थ्य केन्द्र लगायतका स्वास्थ्य संस्थामा यसअघि उपलब्ध गराइएका PPE सेटहरु अझै अपुग भएकाले PPE लगायतका अत्यावश्यक सामाग्री एवम् औषधीहरुको व्यवस्थापन गर्ने। साथै स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवालाई निरन्तरता दिने तथा निजी स्वास्थ्य संस्थाहरु पनि यथावत सञ्चालन गर्नुपर्ने। सुरक्षाका लागि स्वास्थ्य संस्थाले आवश्यक सतर्कता अपनाउने।

**निर्णय नं .७**ःकोरोना भाइरसको रोकथाम तथा नियन्त्रण कार्यमा खटिने कर्मचारी एवम् स्वास्थ्यकर्मीलाई कार्य सम्पादन मुल्याङ्कनका आधारमा मापदण्डबमोजिम प्रोत्साहन भत्ता एवम् सञ्चार सुविधा उपलब्ध गराउने।

**निर्णय नं.८**ःसत्यवती गाउँपालिकामा बसोबास गरी लामो समयदेखि औषधीको सेवन गरिरहेका दीर्घरोगीहरुले नियमित सेवन गर्नुगर्ने तरगाउँपालिका भित्र उपलब्ध नहुने प्रकारका औषधीको विवरण संकलन गरी औषधी व्यवस्थान सम्बन्धमा सहजीकरण गर्ने। त्यसका लागि टोल संयोजक वा जनप्रतिनिधि मार्फत आफू बसोबास गरेको नजिकको स्वास्थ्य संस्थामा सम्बन्धित दिर्घरोगीले सम्पर्क गर्ने।

**निर्णय नं.९:** नेपाल सरकार,मन्त्रिपरिषदको निर्णयबमोजिम सत्यवती गाउँपालिकामा कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक रुपमा कार्य गर्नका लागि एक प्रभावकारी संयन्त्रको रुपमा तपशीलबमोजिमको COVID-19 Crisis Management Center (CCMC) गठन गर्ने ।

**तपशील**

संयोजक- पारिश्वर ढकाल (अध्यक्ष)

सदस्य- सुवर्ण शेरचन शाही ( उपाध्यक्ष)

सदस्य- यादव भण्डारी ( प्रमुख प्रशासकीय अधिकृत)

सदस्य- सुर्य बहादुर राना ( स्वास्थ्य संयोजक)

सदस्य- सुग्रीव बैदवार ( प्र.ना.नि., इ.प्र.का.)

**निर्णय नं.१०**ः गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७६/१२/२० मा प्रकाशित सूचना अनुसार खाद्य पदार्थको आपुर्तिका लागि प्रस्ताव आह्वान गरिएकोमा पाण्डे ब्रदर्स, सत्यवती -१, बाट मात्र प्रस्ताव आएकोमादेशभर जारी लकडाउन झनै लम्बिँदै जाने देखिएको, खाद्यान्न खरिद प्रकृया ढिलो गर्दा दैनिक ज्याला मजदुरी गरेर खाने नागरिकलाई छाक टार्ने समस्या समेत देखिएको एवम् खरिद प्रकृया ढिला गर्दा महगीँ बढ्दै जाने हुन सक्ने समेत देखिएकाले निजले पेश गरेको दररेटका सम्बन्धमा खाद्य पदार्थ बिक्री गर्ने प्रतिनिधिमूलक व्यापारीहरुसँग समेत अन्तरकृया गरी गठित CCMC ले टुङ्गो लगाउने ।

**निर्णय नं.११**ः वर्तमान लकडाउनको समयमा भइरहेको मानिसको आवातजावत नियन्त्रण एवम् परामर्श सेवाका लागि सत्यवती गाउँपालिका वडा नं .१ को रुद्रवेणीमा सुरक्षा चेकजाँच एवम् हेल्प डेस्क सञ्चालन गर्ने ।